शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १०　　　　संख्याः ३　　　　मितिः २०८३/०२/१३

भाग — २

शुक्लाफाँटा नगरपालिका

## सामुदायिक क्याम्पस अनुदान कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०२/११ गते

**प्रस्तावना**

शुक्लाफाँटा नगरपालिकाका क्षेत्र भित्र रहेका सामुदायिक क्याम्पसमा कार्यरत जनशक्ति व्यवस्थापनमा सहयोग गर्नका साथै शैक्षिक, आर्थिक, भौतिक विकासमा सुधार गरी व्यक्तिको उच्च शिक्षाको पहुँचमा अभिबृद्धि गर्ने र नगरपालिकाको जनसमुदायलाई उच्च शिक्षामा सबल बनाउने उद्देश्यले यो कार्यबिधि तयार पारिएको हो । नगरपालिकाको आर्थिक सहयोग तथा अनुदानलाई प्रभावकारी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले शुक्लाफाँटा नगरपालिका प्रशासकीय कार्यबिधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ उपदफा (१) को अधिकार प्रयोग गरी शुक्लाफाँटा नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद १

### संक्षिप्त नाम, प्रारम्भ, परिभाषा र उद्देश्य

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम “सामुदायिक क्याम्पस अनुदान कार्यविधि, २०८३” रहेकोछ ।

ख) यो कार्यविधि शुक्लाफाँटा नगरपालिकामा रहेका सामुदायिक क्याम्पसमा लागु हुनेछ ।

ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) “नगरपालिका” भन्नाले शुक्लाफाँटा नगरपालिकालाई सम्झनु पर्दछ ।

ख) “कार्यपालिका” भन्नाले शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) “नगर प्रमुख” भन्नाले शुक्लाफाँटा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

घ) “नगर उप-प्रमुख” भन्नाले शुक्लाफाँटा नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।

ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले शुक्लाफाँटा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) “सामाजिक विकास संयोजक” भन्नाले शुक्लाफाँटा नगरपालिकाको सामाजिक विकास समिति संयोजकलाई सम्झनु पर्दछ ।

छ) “क्याम्पस” भन्नाले नेपालको प्रचलित कानुन बमोजिम विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी शुक्लाफाँटा नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक क्याम्पसलाई सम्झनु पर्दछ ।

ज) “विद्यार्थी संख्या” भन्नाले क्याम्पसमा भर्ना भई अध्ययनरत विद्यार्थी संख्यालाई सम्झनु पर्दछ ।

झ) “नतिजा” भन्नाले सम्बन्धित विश्वविद्यालयले प्रकाशित गरेको विद्यार्थीको परिक्षाको नतिजा सम्झनु पर्दछ ।

ञ) “क्याम्पस सञ्चालक समिति” भन्नाले क्याम्पसको प्रचलित विधान अनुसार गठन गरिएको सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

ट) “शिक्षक” भन्नाले स्थायी, अस्थायी, करार, आंशिक रुपमा क्याम्पसमा अध्यापनरत, शिक्षण सहायक, सहायक प्राध्यापक, उपप्राध्यापक, सहप्राध्यापक, प्राध्यापक सम्झनु पर्दछ ।

ठ) “कर्मचारी” भन्नाले सामुदायीक क्याम्पसमा नियमानुसार नियुक्त भएका कर्मचारीलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य**

शुक्लाफाँटा नगरपालिकाका क्षेत्रभित्र रहेको सामुदायिक क्याम्पसमा कार्यरत जनशक्ति ब्यवस्थापनमा सहयोग गर्नका साथै शैक्षिक, आर्थिक र भौतिक विकासमा सुधार तथा ब्यक्तिको उच्च शिक्षामा पहुँच अभिबृद्धि गरी गुणस्तरीय उच्च शिक्षा उपलब्ध गराउने ।

## परिच्छेद २

<u>**अनुदान रकमका मापदण्डहरु**</u>

४. नगरसभाबाट स्वीकृत क्याम्पस अनुदान रकम कार्यान्वयनका लागि नगरपालिकाले अनुदान दिनेछ । उक्त अनुदान रकम देहायका शीर्षकमा खर्च गर्न सकिनेछ ।

क) शिक्षक तथा कर्मचारीको पारिश्रमिक,

ख) भौतिक संरचना तथा पूर्वाधार विकास, मर्मत तथा सम्भार,

ग) कार्यालय व्यवस्थापन तथा फर्निचर निर्माण,

घ) सूचना प्रविधिका साधन तथा शैक्षिक सामग्री खरीद,

ङ) पुस्तकालय व्यवस्थापन तथा पुस्तक खरीद,

च) विद्यार्थी स्वास्थ्य प्रवर्द्धन कार्यक्रम (सेनेटरी प्याड सहित)

छ) खानेपानी तथा सरसफाई कार्यक्रम,

ज) अतिरीक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम,

झ) शैक्षिक गुणस्तर बृद्धि तथा अतिरीक्त कक्षा सञ्चालन,

ञ) छात्रवृत्ति

ट) शैक्षिक अवलोकन भ्रमण

ठ) सेवा आयोगका कक्षा सञ्चालन,

ड) अध्ययन तथा अनुसन्धान

ढ) सामाजिक बिकृती तथा लागु औषध दुर्व्यसन नियन्त्रण सम्बन्धी जनचेतना मूलक कार्यक्रम,

ण) वातावरण प्रदुषण नियन्त्रण तथा नगर सरसफाई

५. अनुदान वापत प्राप्त रकमलाई दफा ४ को शीर्षकभित्र रही क्याम्पस सञ्चालक समितिले कुल रकमको ६० प्रतिशतसम्म प्राध्यापक तथा कर्मचारीहरुको पारिश्रमिकमा र बाँकी रकम भौतिक संरचना तथा पूर्वाधार विकास लगायत अन्य शीर्षकमा खर्च गर्न सकिनेछ । तर सम्बन्धित विश्वविद्यालयको प्रचलित कानुनमा तोकेभन्दा बढी र दोहोरो पर्ने गरी पारिश्रमिक कसैले पनि लिन पाउने छैन ।

६. दफा ४ बमोजिम क्याम्पस अनुदान रकम दिनका लागि सम्बन्धित क्याम्पसले तहगत र संकायगत नतिजा अघिल्लो आर्थिक बर्षमा निकासा भएको अनुदान रकमको तलवी भर्पाई तथा बिलहरुको प्रमाणित प्रतिलिपि, क्याम्पस सञ्चालक समितिको निर्णय सहित नगरपालिकामा पेश गर्नु पर्ने छ । तर अघिल्लो

आर्थिक बर्षमा अनुदान रकम निकासा नभएको अवस्थामा अघिल्लो आ. व. को अनुदान रकमको तलवी भर्पाई तथा बिलहरुको आवश्यकता पर्ने छैन ।

७. किस्ताबन्दीमा रकम निकासा भएमा पछिल्लो किस्ता रकम निकासा माग गर्दा क्याम्पसले अघिल्लो किस्ताबाट खर्च भएको विवरण पेश गर्नेछ ।

८ .नगरपालिकाले क्याम्पस अनुदानका लागि विनियोजित रकम क्याम्पसको बैंक खातामा पठाउने छ ।

९. शुक्लाफाँटा नगरपालिकाका क्षेत्रभित्र रहेका सामुदायिक क्याम्पसको शैक्षिक, आर्थिक र भौतिक विकासमा सुधार तथा ब्यक्तिको उच्च शिक्षामा पहुँच अभिबृद्धि गरी गुणस्तरीय उच्च शिक्षा उपलब्ध गराउन नगरपालिकाले अनुदान कार्यक्रमलाई निरन्तरता दिन सक्नेछ ।

१०.नगरपालिका भित्रका वडा कार्यालयहरुले पनि यसै कार्यविधिका आधारमा (परिच्छेद २ को ४ ख देखि ण को कुनै सिर्षकमा तोकि )यस सामुदायीक क्याम्पसलाई अनुदान रकम दिन सक्नेछन् ।

## परिच्छेद ३

## अनुदान रकम सञ्चालन तथा कार्यान्वयन सम्बन्धी

११. क्याम्पस सञ्चालक समितिले दफा-५ को अधिनमा रही कार्ययोजना क्याम्पस सञ्चालक समितिबाट स्वीकृत गरी सञ्चालन गर्न, भौतिक संरचना तथा पूर्वाधार निर्माण र क्याम्पसमा आवश्यक सामानहरु खरिद गर्दा प्रचलित ऐन कानुनको पालना गर्नु पर्नेछ ।

१२. अनुदान रकमको अनुगमन तथा निरीक्षण गर्न तपसिल बमोजिमको समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क) नगर प्रमुख | -संयोजक |
| ख) नगर उप-प्रमुख | -सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ) क्याम्पस सञ्चालक समिति अध्यक्ष | -सदस्य |
| ङ) शुक्लाफाँटा नगरपालिका सामाजिक विकास समिति संयोजक | -सदस्य |
| च) क्याम्पस प्रमुख | -सदस्य सचिव |

१३. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

## परिच्छेद ४

## अनुदान रकम सञ्चालन तथा कार्यान्वयन सम्बन्धी

१४. कार्यविधिको संशोधन : सामुदायिक क्याम्पस अनुदान कार्यविधि, २०८३ मा संशोधन आवश्यकता महशुस भएको खण्डमा शुक्लाफाँटा नगरपालिका कार्यपालिकाबाट संशोधन गरिने छ ।

१५. बाधा अड्चन फुकाउन सक्ने : यस कार्यविधिमा उल्लेखित व्यवस्थाको कार्यान्वयन सम्बन्धमा कुनै बाधा अड्चन आएको खण्डमा नगर कार्यपालिकाबाट त्यस्तो बाधा अड्चन फुकाइनेछ ।

**आज्ञाले,**

**खेमराज बिष्ट**

**प्रमुख प्रशासकीय अधिकृत**